नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः ०६६/६८
च.नं.: ४९

मितिः २०७७/४/२९

विषयः कोभिड-१९ सुरक्षा मापदण्ड पालनाको अनुगमन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा विश्वव्यापी महामारी कोभिड १९ को संक्रमणको जोखिम कायमै रहेको सन्दर्भमा मुलुकभर उद्योग, वाणिज्य तथा आपूर्ति सम्वन्धी कार्यहरू संचालन गर्दा कोभिड १९ को संक्रमणको जोखिम न्यूनीकरण गर्न यस मन्त्रालयले जारी गरेको "कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol)" अनुपालना भए/नभएको अनुगमन गर्ने प्रयोजनको लागि तयार गरिएको अनुगमन सूचकहरु (चेक लिष्ट) तहाँबाट सबै स्थानीय तहहरुमा आवश्यक कार्यार्थ पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

(खेमराज कोइराला)
शाखा अधिकृत

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

# कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड पालनाको अनुगमन सूचकहरु (चेक लिष्ट)

## १. आवतजावत र कार्यालय/कार्यस्थल/उद्योग परिसर प्रवेश

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | सबैले अनिवार्य रुपमा साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने गरेको | | |
| २. | थर्मल गनबाट तापक्रम नाप्ने गरेको | | |
| ३. | मास्क लगाउने व्यवस्था गर्ने गरेको | | |
| ४. | कर्मचारीले यात्रापछि काममा फर्कनु पूर्व अनिवार्य रुपमा आफ्नो यात्राको विवरण व्यवस्थापनलाई बुझाउने गरेको | | |
| ५. | श्रमिक कर्मचारीभन्दा बाहेकका/व्यक्तिलाई सम्भव भएसम्म उद्योग/कार्यालय परिसर प्रवेशमा रोक लगाउने गरेको | | |
| ६. | काम विशेषले बाहिरी व्यक्तिलाई उद्योग/कार्यालय परिसरमा प्रवेश गराउनु परेमा आगन्तुकको विगत एक महिनाको यात्रा विवरण, सम्पर्क नम्बर र ठेगाना सहितको विवरण राख्ने गरेको | | |

## २. कार्यस्थल सरसफाई र निसंक्रमण

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | नियमित सरसफाई र निसंक्रमण गर्ने गरेको | | |
| २. | सरसफाईसँग सम्बन्धित कर्मचारी,पन्जा ,श्रमिकका लागि अनिवार्य रुपमा मास्क/ बुटसुज कभर र , हेड कभरको व्यवस्था गरेको | | |

## ३. कार्यस्थलमा भौतिक दूरी कायम

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | भौतिक दूरी कम्तीमा ६ फिट (दुइ मिटर) कायम गर्ने गरेको | | |
| २. | स्वास्थ्य सम्बन्धी उच्च जोखिम भएका कर्मचारीलाई घरबाटै काम गर्ने व्यवस्था मिलाउने गरेको | | |
| ३. | अत्यावश्यक अवस्थामा बाहेक लिफ्टको प्रयोग नगर्ने गरेको | | |
| ४. | कुनै सामान लोड, अनलोड वा लिने दिने गर्दा निश्चित स्थानमा छोड्ने र उठाउने (Contactless Delivery) व्यवस्था गरेको | | |
| ५. | ई-बिलिङ तथा ई-भुक्तानीको व्यवस्था गरी कारोबारमा नगद र कागजको प्रयोग कम गरेको | | |

### ४. सवारी साधनको प्रयोग

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | कच्चा पदार्थ ल्याउँदा वा उत्पादित सामग्री ढुवानी गर्दा वा श्रमिक कर्मचारी ओसारपसार गर्दा त्यस्ता सवारी साधनमा बाह्य व्यक्तिलाई नचढाउने गरेको | | |
| २. | श्रमिक तथा कर्मचारीलाई पिक अप र ड्रप गर्ने सवारी साधनमा कुल यात्रु क्षमताको पचास प्रतिशत मात्र यात्रु राख्ने गरेको | | |
| ३. | सबै खाले सवारी साधनमा चालक, सहचालक तथा यात्रु चढ्नु पूर्व अनिवार्य रुपमा मास्क लगाउने, तापक्रम मापन गर्ने र स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था गर्ने गरेको | | |
| ४. | कच्चा पदार्थ वा अन्य सामग्री आयात गर्ने ढुवानीका साधनलाई सीमा नाकाबाट प्रवेश गर्नु पूर्व वा सीमा नाकामा सामग्री अनलोड गर्नु पूर्व अनिवार्य रुपमा निसंक्रमण गर्ने गरेको | | |
| ५. | सामान ढुवानी गर्ने तथा श्रमिक कर्मचारी बोक्ने सवारीका साधनलाई प्रत्येक पटक सामान अनलोड गर्नु पूर्व वा यात्रु चढाउनु पूर्व अनिवार्य रुपमा निसंक्रमण गर्ने गरेको | | |
| ६. | कुनै सामान लोड, अनलोड वा लिने दिने गर्दा निश्चित स्थानमा छोड्ने र उठाउने (Contactless Delivery) व्यवस्था गरेको | | |

### ५. व्यवसायिक बैठक तथा भ्रमण

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | बैठकको तयारीमा कागजी प्रकृयालाई कम गरी सूचना प्रविधिको प्रयोग गर्ने र सम्भव भएसम्म अनलाईन बैठक संचालन गर्ने गरेको | | |
| २. | भौतिक रुपमा बैठक गर्नु पर्दा न्यूनतम संख्याको उपस्थितिमा सुरक्षा मापदण्ड पालना गरी बैठक संचालन गर्ने गरेको | | |
| ३. | अति आवश्यक अवस्थामा बाहेक स्थलगत भ्रमण, वैठक, अन्तरक्रिया लगायतका कार्यक्रम नराख्ने गरेको | | |
| ४. | कच्चा पदार्थ वा अन्य सामग्री आयात गर्ने ढुवानीका साधनलाई सीमा नाकाबाट प्रवेश गर्नु पूर्व वा सीमा नाकामा सामग्री अनलोड गर्नु पूर्व अनिवार्य रुपमा निसंक्रमण गर्ने गरेको | | |

### ६. उत्पादन, प्रशोधन तथा सामग्री व्यवस्थापन

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | दैनिक ज्यालादारी कर्मचारीहरुको व्यवस्थापन गर्दा सानो समूहमा परिचित तथा संक्रमण नभएको समुदायबाट परिचालन गरेको साथै स-साना समूह बनाई काम गर्ने क्षेत्र विभाजन गर्ने गरेको | | |
| २. | उत्पादन तथा प्रशोधन कार्यमा प्रयोग भएका, हुन सक्ने सामग्रीको यथोचित रुपमा निसंक्रमण गर्ने व्यवस्था मिलाएको | | |
| ३. | दैनिक ज्यालादारी कर्मचारीहरुको खाजा तथा खाना संभव भएसम्म स्वयं व्यवस्थापन गर्न | | |

| | | | |
|---|---|---|---|
| | लगाएको तथा भाडाकुँडाको साझा प्रयोग नगर्ने व्यवस्था मिलाएको | | |
| ४. | नियमित ज्यालादारी कर्मचारीहरुलाई कोरोना परीक्षण गराएको | | |
| ५. | उत्पादन तथा प्रशोधन कार्यमा प्रयोग भएका दैनिक ज्यालादारी कर्मचारीहरुको सम्पर्क नम्वर सहितको लगत अद्यावधिक राखेको | | |
| ६. | सामग्री व्यवस्थापन गर्न समूहगत पद्धतिको अवलम्बन गरेको | | |
| ७. | बाहिरबाट खरिद गरिने कच्चा पदार्थ, बोरा, प्लाष्टिक ब्याग, झोला, आदिलाई भण्डारण र प्रयोग गर्नुअघि निसंक्रमण गर्ने गरेको | | |
| ८. | कम श्रम लाग्ने प्रविधिको अवलम्वन गरेको | | |

७. ढुवानी, बजार संचालन तथा बजारीकरण

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | व्यवसायिक केन्द्रमा सम्बन्धित सम्वद्ध व्यवसायीहरुले पंजा तथा मास्कको अनिवार्य प्रयोग गर्ने, हातलाई स्यानिटाइज गर्ने, तथा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गरी संचालन गर्ने गरेको | | |
| २. | आम उपभोक्ताहरुका लागि ज्वरो नाप्ने Thermal Gun को प्रयोग गरी सो को आधारमा मात्र बजारभित्र प्रवेशको व्यवस्था गर्ने गरेको | | |
| ३. | सफा पानी र सावुनले हात धुने वा स्यानिटाइज गर्ने प्रभावकारी व्यवस्था सम्वद्ध बजार व्यवस्थापन समितिले मिलाउने तथा सम्पर्क नम्वर सहित लगत राख्ने गरेको | | |
| ४. | सम्वन्धित बजार व्यवस्थापन संचालन समितिहरुले कोभिड१९ वाट सुरक्षित रहन अपनाउनुपर्ने सावधानीका वारेमा बजारका व्यवसायीहरु तथा आम उपभोक्तालाई नियमित सचेत गराउने गरेको | | |
| ५. | व्यवसायीहरुले उत्पादन तथा मूल्य श्रृंखलाका हरेक बिन्दुमा सरसफाई, प्रारम्भिक प्रशोधन लगायतका क्रियाकलापहरु गर्दा सुरक्षाका सवै विधिहरु अवलम्वन गर्ने गरेको | | |
| ६. | थोक र खुद्रा विक्रीका लागि अलग अलग समय तोकी सोही अनुरुप ठूलो संख्यामा भिडभाड नहुने सुनिश्चित गरी कारोवार गर्ने गरेको | | |
| ७. | मजदुरहरुलाई सुरक्षाको लागि आवश्यक सवै सामग्रीहरु जस्तै मास्क, पञ्जा, स्यानिटाइजरजस्ता सामग्रीहरु आवश्यकता अनुसार नियमित रुपमा उपलव्ध गराउने गरेको | | |
| ८. | वस्तुको ढुवानीमा प्रयोग गरिने ढुवानीका साधनहरुलाई निसंक्रमण गर्ने गरेको | | |
| ९. | सामाग्रीहरु डेलिभरी गर्ने व्यक्तिको निरन्तर कोरोना परीक्षण गर्ने गरेको | | |
| १०. | ढुवानी गर्ने साधन, टोकरीहरुको नियमित निसंक्रमण गर्ने गरेको | | |

८. डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र तथा खुद्रा पसलहरु संचालन

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | ग्राहकलाई भित्र प्रवेश गर्नु पूर्व अनिवार्य रूपमा मास्क प्रयोग गर्न लगाउने, तापक्रम नाप्ने र स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था गर्ने गरेको | | |
| २. | ग्राहकलाई मार्क गरिएको घेराभित्र लाइनमा राखी एक पटकमा पर्याप्त सामाजिक दूरी कायम गरेर सामान छनौट तथा विल भुक्तानी गर्न सहज हुने संख्यामा मात्र भित्र प्रवेश गर्न दिने गरेको | | |
| ३. | अनलाइन माग संकलन र होम डेलिभरीलाई प्राथमिकता दिने गरेको | | |
| ४. | ग्राहकहरूलाई सकेसम्म विद्युतीय माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने गरेको | | |
| ५. | शौचालय नियमित रुपमा सफा गर्ने र सामूहिक शौचालयमा सामाजिक दूरी कायम हुने गरी एक पटकमा सीमित संख्यामा मात्र मानिसहरु पठाउने व्यवस्था मिलाएको | | |
| ६. | बिक्रेता र कर्मचारीले अनिवार्य रुपमा मास्क र सर्जिकल पञ्जा लगाउने गरेको | | |
| ७. | हरेक ग्राहकलाई सामान दिएर पैसा बुझेपछि अर्को ग्राहकसंग कारोवार गर्नु पूर्व स्यानिटाइजर प्रयोग गर्ने गरेको | | |

९. रेष्टुरेण्ट तथा खाजा घर संचालन

| क.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | अनलाइन अर्डरका आधारमा होम डेलिभरी तथा ग्राहक स्वयं आएर प्याकिङ गरी लैजाने टेक अवे विधिलाई मात्र प्रयोग गर्ने गरेको | | |
| २. | श्रमिक तथा कर्मचारीहरूले कार्यस्थलमा रहँदा पूरै समय अनिवार्य रुपमा पुरै शरिर ढाक्ने लुगा, एप्रोन,पञ्जा ,मास्क , हेड कभर तथा सुज कभर लगाउने व्यवस्था गरेको | | |

१०. शंकास्पद संक्रमित व्यक्तिको उपचार

| क.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | कार्यस्थलमा शंकास्पद संक्रमित व्यक्ति फेला परेमा तुरुन्तै सुरक्षित तवरले नजिकको स्वास्थ्य संस्थामा पुर्याउने व्यवस्था गर्ने गरेको | | |
| २. | शंकास्पद संक्रमित व्यक्तिले प्रयोग गरेको कोठा, उपकरण, शौचालय, स्नानकक्ष आदिलाई निसंक्रमण गरेर मात्र अरुलाई प्रयोग गर्न दिने गरेको | | |
| ३. | शंकास्पद संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको विवरण ट्रेसिङ्गका लागि उपलव्ध गराउने गरेको | | |
| ४. | शंकास्पद संक्रमित व्यक्तिको सम्पर्कमा आएका अन्य व्यक्तिहरुलाई तत्कालै स्वास्थ्य परिक्षण गर्न लगाउने गरेको | | |
| ५. | कोभिड १९ को उपचार गर्ने अस्पताल, सम्पर्क गर्ने स्वास्थ्यकर्मी वा अन्य सम्बन्धित व्यक्ति, शंकास्पद वा संक्रमित व्यक्तिलाई ओसारपसार गर्ने एम्बुलेन्स आदिको सम्पर्क नम्बर सबैले देख्ने गरी राखेको | | |

११. सचेतना अभिवृद्धि

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | आफ्ना श्रमिक तथा कर्मचारी र सेवाग्राहीहरुलाई कोभिड १९ बाट बच्न एवं अरुलाई संक्रमण फैलाउन नदिन अपनाउनु पर्ने स्वास्थ्य र सुरक्षाका सम्बन्धमा सचेतना जगाउने गरेको | | |
| २. | कोभिड-१९ को सन्दर्भमा गर्न हुने र नहुने विषयहरुको सूची तयार पारी सबैले देख्ने स्थानमा राखेको | | |

१२. उद्योग वाणिज्य सम्बन्धी छाता संगठन, वस्तुगत संगठन तथा चेम्बर्सहरुको भूमिका:

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | आफ्ना सबै सदस्यहरुलाई माथि उल्लिखित व्यवस्थाहरुका बारेमा सुसूचित तथा प्रशिक्षित गर्ने गरेको | | |
| २. | प्रोटोकल पालनाको अनुगमन गर्ने र पालनाका लागि निर्देशन दिने गरेको | | |
| ३. | नेपाल सरकारले व्यवस्था गरेको अनुगमन संयन्त्रलाई पूर्ण सहयोग गर्ने गरेको | | |
| ४. | प्रस्तुत मापदण्डका बारेमा मिडिया मार्फत पर्याप्त प्रचार प्रसार गरेको | | |